अस्पतालका लागि सामग्री चाहिएमा सम्झनुहोस् ।

अस्पतालका लागि आवश्यक एक्स रे मेशिन, एक्स रे फिल्म, केमिकल लगायत सर्जिकलका सामग्रीहरु चाहिएमा हामीलाई सम्झनुहोस् ।

प्रवन्ध निर्देशक : हर्कसाल्तेन राई
**श्री छिन्ताङदेवी ट्रेडर्स**
त्रिपुरेश्वर, काठमाडौं
मो. ९८५११-४०२७२/ ९८४१६८०२५६

धनकुटा
Dhankuta weekly — साप्ताहिक

वर्ष-२२ ● अङ्क-३४ ● नेपाल सम्बत् ११४१, २०७८, साउन ११, गते सोमबार ● 26 July 2021 ● www.dhankuta.com ● पृष्ठ सङ्ख्या ६ ●

# नगरमा डिप बोरिङबाट सफा पानी वितरणको तयारी



**धनकुटा सम्वाददाता**

धनकुटा । पानी परे कि नगरवासी धमिलो पानीबाट पीडित हुन्छ । धनकुटा बजार मा संचालित खानेपानी वितरण का लागि फिल्टर ट्यांकी भएपनि उपभोक्ताले खानै नहुने गरी धमिलो पानी आउने समस्याको छ । यसको दीर्घकालीन समाधानको लागी नगरपालिकाले विकल्पको खोजी गरेको छ ।

सफा पानी वितरण गर्नका लागि भनेर ०७२ सालमा विश्व बैंकको २८ करोड लगानीमा साना सहरी खानेपानी आयोजनासमेत संचालन गरियो । तर, बर्षायाम लागेसँगै धमिलो पानी आउने समस्या जिउका त्युँहि नै कायम रह्यो । यसलाई सदाको लागी अन्त्य गर्न विकल्प स्वरूप सल्लेरी बनमा डिप बोरिङ गरिएको छ । अब यहि डिप बोरिङ गरिएको पानी वितरण गर्ने तयारी हुँदैछ ।

नगरपालिकाको १ करोड लगानीमा खानेपानी उपभोक्ता समिति मार्फत डिप बोरिङ संचालन गर्दैछ । २ वटा डिप बोरिङबाट उपभोक्ताहरूलाई सफा पानी वितरण गर्न लागेको समितिका उपाध्यक्ष नरेन्द्र पोखरेलले जानकारी दिए ।

डिप बोरिङ संचालनमा आए पछि अब उपभोक्ताले बर्षायाममा धमिलो पानीको समस्या सदाका लागी अन्त्य हुने उपाध्यक्ष पोखरेल ले बताए । बर्षायाम लागेपछि सफा पानी नआएको झोंकमा उपभोक्ताहरू समितिको कार्यालय घेराउ, फोहोर पानीको बोतलसहित जुलुस र सामाजिक संजालमा गाली गलौज खेप्नु पर्ने अवस्था छ ।

धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले "आफु नगर पालिकामा प्रमुख भएर आएदेखि हरेक वर्ष वर्षायाम लागेसँगै बजार वासीले शुद्ध खानेपानी पिउन नपाएको गुनासो आउने गरेको बताए ।" खानेपानीको विषयलाई लिएर उपभोक्ताहरूले हरेक वर्ष समितिको कार्यालय घेराउ र नगरपालिकामा डेलिगेसनको ताती आउने गरेकाले पनि तत्काल विकल्प खोज्नु परेको नगर प्रमुख तामाङले बताए । उनले सल्लेरी बनमा २ वटा डिपबोरिङबाट सफा पानी उपभोक्ता माझ केहिदिन मै पुर्‍याउने बताए ।

सल्लेरी बन स्थित् आँखा अस्पताल भन्दा केही माथिको

..................बाँकी ५ पेजमा

## पाख्रीवासको पञ्चेमा बस दुर्घटना : २३ यात्रु घाईते



## बंगुरको पाठी वितरण



## लिम्बुको संयोजकत्वम डिफेन्स फोर्स भेडेटा



**विश्रान्ती प्रकाशनद्वारा प्रकाशित**
**कानुनी सल्लाहकार**: आनन्द सन्तोषी राई
**सल्लाहकार** : लीलाबल्लभ घिमिरे
**प्रकाशक / सम्पादक** : राजेश्वरबहादुर श्रेष्ठ
**प्रबन्ध सम्पादक** : विजयसन्तोषी राई
**समाचार सम्पादक** : खगेन्द्रप्रसाद घिमिरे
**कार्यकारी सम्पादक** : हरिबहादुर लम्जेल
**उप सम्पादक** : विनोद घिमिरे
**कार्यालय** : धनकुटा नगरपालिका – ६, वीचबजार, धनकुटा
**इमेल**:newsdhankuta@gmail.com / dktweekly@yahoo
**फोन** : ९८५२०६१६११ / काठमाडौं सम्पर्क: ९८४१५१६८६४
**मुद्रण** : जनविश्वास अफसेट प्रेस, धनकुटा ।

## सम्पादकीय

### पानीको समस्या हल हुँदै

धनकुटा भन्ने वित्तिकै पानीको हाहाकार हुने नगर भन्ने एकताका बुझिन्थ्यो । हुन त नेपाल जलस्रोतका धनि देश भनिएता पनि अधिकांश शहरबजारहरुमा पानीको समस्या नै भएको पाईन्छ । मधेशका केहि शहरहरुमा भने यो समस्या त्यति छैन । देशको राजधानीकै कुरा गर्ने होभने पनि पानीको ठूलो समस्या नै छ ।

धनकुटा नगरापालिका खानेपानी तथा सरसफाई उपभोक्ता समितिले केहि वर्ष अघि एशियन विकास बैंकको ऋण सहयोगमा बृहत् खानेपानीयोजना सञ्चालन भएपछि खानेपानीको समस्या केहि दससम्म समाधान भएको थियो । तर, बर्षाद्को समयमा भने आमउपभोक्ताहरु लेदो मिसिएको पानी खान वाध्य हुदै आएको छ । अधिकांश पानीको मुहान खोला छन् । पछिल्लो समय त्यहि खोला सिरान हुदै सडक निर्माण कार्यले तीव्रता पाएका छन् । बर्षादको समयमा त्यहि नवनिर्माण सडकबाट माटोसहितको भल खोलामा मिसिदा सो आमउपभोक्ताहरुले त्यहि लेदोसहितको पानी थाप्न वाध्य हुदै आएको हुन् ।

अहिले नगरपालिकाले नगरका विभिन्न स्थानहरुमा डिपबोरिङको व्यवस्था गर्दै छ । यसले कम्तिमा वर्षादको मौसममा तथा अन्य पानी अभाव हुने समयमा पनि सफा पानी वितरण गर्न किने छ । यो डिपबोरिङ खानेपानी वितरणका स्थायी समाधान नभएपनि अभाव हुने समयका लागि भने निकै लाभदायी हुने निश्चित छ ।

यो डिपबोरिङ सञ्चालनमा आएपछि धनकुटालाई लाग्दै आएको पानी समस्या हुने नगरको आक्षेपबाट मुक्त हुने छ । यो सँगै होटल व्यवसायीलगायत आमउपभोक्ताहरुलाई राहत महसुस भएको छ ।

# चुनौतीको चाङमा नयाँ सर

राजनीतिक बाध्यताले नेपाली कांग्रेसको जिम्मामा पुनः राज्य सञ्चालनको अवसर आएको छ । देशको बागडोर समाल्ने अवसर जति सुखद छ त्यति नै चुनौतीको चाङ पनि छ । चुनौती अवसर पनि हो । प्रतिनिधि सभामा प्रचण्ड बहुमत पाएको कम्युनिस्ट सरकार पूर्ण अवधि चल्नै नसक्ने भएर प्रमुख प्रतिपक्ष कांग्रेसको काँधमा देशको बागडोर आउला भन्ने कसैले सोचेको पनि थिएन ।

सायद, कांग्रेस र सभापति शेरबहादुर देउवाले यो अवसरको कल्पनै गरेका थिएनन् । राजनीतिमा सोचेको मात्र हुने होइन ।

नसोचेको परिणाम पनि सम्भव छ भन्ने दृश्य अहिलेको परिप्रेक्ष्य हो । जनमतको निर्देशलाई स्वीकार गरेर शालीन र सहयोगी प्रतिपक्षमा रहन राजी कांग्रेसलाई आइलागेको दायित्वबाट पन्छने छुट नभएकै कारण सरकारको नेतृत्वमा पुगेको स्पष्ट छ ।

राजनीतिमा नसोचिएको परिणाम किन आयो ? यो प्रश्नको उत्तर खोज्दा धेरै कारण भेटिन सक्छ । सुरुमा दुईतिहाइ मत लिएर सरकार बनाएका कम्युनिस्ट प्रधानमन्त्री केपी शर्मा ओली प्रायः दुर्लभ सबै समर्थन गुमाएर सरकारबाट किन बहिर्गमित भए ? यो प्रश्नको समीक्षा त अरूलेभन्दा बढी स्वयं ओली, उनको स्वार्थमा आँखा चिम्लिएर सहीछाप दिने राष्ट्रपति र आसेपासे सल्लाहकार ले गर्नु ठीक हुन्छ ।

नेपाली राजनीतिमा यो गम्भीर शिक्षा हो । गइसकेका र पदमुक्त भएपछि पनि निजी निवास जाँदा ओलीले देखाएको दम्भी तामझाम र अरु नेताप्रति गरेको कटु टिप्पणी ले उनी सहिष्णु राजनीति गर्ने संस्कारका होइनन् भन्ने स्वयंले पुष्टि गरेकाछन् । यो तथ्य स्वीकार गर्न समर्थकहरु लाई सहज नहुन सक्छ । किनभने यसअघि तिनका नेता ओलीलाई आलोचनात्मक सुझाव दिने सदाशयीलाई अरिङ्गाल बनेर झम्टने बिखालु दीक्षाका बाहक ती भएकै हुन् ।

ओलीको अलोकतान्त्रिक कार्यशैली र अहंकारले समग्रमा उनी देशको राजनीतिमा बोझ साबित भएको ठहर गरियो ।

बोझ फालिनु प्राकृतिक नै हो । राजनीतिक निष्कर्ष भयो त्यही । थप उनको कार्यशैलीमा टिप्पणी फोहर उधिन्नुमात्र हो । तर, ओलीकै कार्यशैलीको मतियार बनेर राष्ट्रपति विद्यादेवी भण्डारीले जे जस्तो अभ्यास गरिन् यसले उनी यस पदको गरिमाका लागि सर्वथा अयोग्य हुन् भन्ने स्वयं प्रमाणित गरेकी छन् । सहिष्णु, समावेशी मार्ग अवलम्बन गर्न लगाएको वा गरेको भए एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्री पद पाँच वर्ष अकण्टक नै थियो । तर, राजनीतिलाई कंकटाकीर्ण त उनी स्वयंले बनाए ।

यी विषयमा पछि केही कुरा राख्ने गरी नयाँ सरकारको चुनौती र अवसरमाथि संक्षिप्त धारणा बनाउँदा ओलीको अपसंस्कृत कार्यशैलीको छाया अब राजनीतिमा पर्न नदिनु नै हो । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको विगत मूल्यांकन जसरी गरिए पनि उनी परिपक्व राजनीतिज्ञ हुन् भन्नेमा शंका छैन । उनको परिपक्वताको लाभ देश, जनता वा समावेशी लोकतन्त्रले पाउने र उनी स्वयंको राजनीतिक उत्तरार्धको यात्रालाई ऐतिहासिक बनाउने अवसर छ ।

कठिनाइ छ, चुनौती छन् । नेपालका राजनीतिक दलको प्रवृत्ति स्वार्थ वा व्यक्तिकेन्द्रित सोचले ग्रसित छ । यस्तो संस्कारबीच सरकारको नेतृत्वमा पुगेका कांग्रेस सभापति देउवालाई सहिष्णु, समावेशी र बहुल मान्यता आत्मसात गरेर देशलाई सही बाटोमा हिँडाउन सहज छैन । यसका लागि नेपाली कांग्रेसका तमाम नेता, कार्यकर्ता, शुभेच्छुक र यो सरकार बनाउन भूमिका निर्वाह गर्ने दलहरूको साथ सहयोग अपेक्षित छ । सहयोग व्यक्ति देउवालाई सफल बनाउन होइन, देश जनता र लोकतन्त्रको उन्नत भविष्यका लागि हो । अन्यथा देश अनपेक्षित दुर्घटनामा जाने र कांग्रेससमेत सहयोगी दलहरु पनि अक्षम साबित हुनेछन् ।

भन्नै परेन, नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष ओली नेतृत्वले लगातार गरेको लोकतन्त्र विपरीतका असंवैधानिक तानाशाही निर्णयले त्रसित नेपाली जनमतले अहिले केही त्राण पाएको छ । देशको भविष्य लोकतन्त्रमा



# संस्मरण : सरस्वती स्कूल सल्लेरीमा पाँच वर्ष

**प्राडा तीर्थप्रसाद मिश्र**

भीमसेन थापाको मुख्तियारी काल (विसं १८०६-१८३६) को समयमा धनकुटाका ठूलाहाकिम जसपाउ थापाद्वारा बिर्ता प्राप्त भएपछि हालको कचिडेमा बसोबास सुरू भएको हो । कचिडो नै कचिडोको घारी भएकाले उक्त स्थानको नाम नै कचिडे रहन गएको हो । विशेषगरी उक्त गाउँमा बस्ने मिश्र र पोखरेल परिवारमा शिक्षाप्रति विशेष अनुराग थियो । राणाकालमा काठमाडौँ बाहेक अन्यत्र शिक्षालय नै थिएनन् भने पनि हुन्छ । त्यसबेलामा धनकुटा कचिडेबाट शिक्षा आर्जनका लागि काठमाडौँ आउनुभन्दा भारतको बनारस जानु नै सहज थियो । बनारसमा संस्कृत अध्ययन गर्ने छात्रका लागि खान, बस्न र पढ्न पनि सहज थियो । वटुकलाई खासै आर्थिक भार थिएन । विसं १९६० देखि १९८० को अवधिमा नरपति पोखरेल, ध्रुवलाल पोखरेल, नारायणप्रसाद पोखरेल छविलाल पोखरेल, शिवप्रसाद पोखरेल, लिलाराम पोखरेल, उमानाथ पोखरेल, विद्यानाथ पोखरेल, गंगाप्रसाद पोखरेल, रामनाथ मिश्र, भीमशंकर वाग्ले जस्ता कचिडेवासीले बनारस गई अध्ययन गरेका थिए ।

बनारसबाटै अध्ययन गरेर फर्केका हेमचन्द्र पोखरेल, रेवती रमण अधिकारी जस्ता विद्वानहरूले पनि शिक्षण पेसा नै अपनाए । बनारसमा अध्ययनपश्चात् फर्केका सबैले आफ्ना सन्ततिका लागि सुलभ शिक्षा प्राप्त गर्ने चाँजोपाँजो मिलाउन थाले । छविलाल पोखरेलले त घरमा नै गुरूकुल सञ्चालन गरेका थिए । छविलाल पोखरेल तथा गजेन्द्रबहादुर प्रधानाङ्गको सहयोगमा विसं १७८९ मा गोकुण्डेश्वर इङ्लिस हाइस्कुल नै स्थापना भयो । तर, कचिडेबाट गोकुण्डेश्वर हाइस्कुल पुग्न केटाकेटीलाई सहज थिएन । ससाना केटीकेटाकेटीहरूलाई आधा जीतपुर गाउँमा भएको थियो । वार्षिक रूपमा विद्यालयलाई आर्थिक सहायता दिने सरकारी निर्णय भएको थियो ।

उक्त स्कुलमा प्रारम्भदेखि नै भक्तविनोद श्रेष्ठ शिक्षक हुनुहुन्थ्यो । विद्यानाथ पोखरेलको प्रयासबाट उक्त स्कुल कचिडेमा स्थानान्तरण भयो, २०१५ सालमा । यो स्कुल कचिडेको खोल्मा, कटेरा, दलान हुँदै सल्लाघारी बीचको सरस्वती मन्दिरस्थित पाटीमा पुग्यो । पछि अन्य स्कुलमा नगाभिँदासम्म सोही स्थानमा नै रह्यो । यसै स्कुलमा तीन वर्षसम्म पढी मैले ५ कक्षा उत्तीर्ण गरेको थिएँ । यस स्कुलका प्रथम प्रधानाध्यापक भक्तविनोद श्रेष्ठ नै हुनुहुन्थ्यो । उहाँको निधन भएपछि २०१९ सालमा देवेन्द्रलाल श्रेष्ठ र २०२१ सालमा दुर्गा पोखरेल यस स्कुलको प्रधानाध्यापक हुनुभयो । यस स्कुलमा कार्यरत शिक्षकमा नारायण श्रेष्ठ, बेनुबहादुर शाक्य तथा गुणराज कार्कीको नाम याद छ । दुर्गा पोखरेल प्रधानाध्यापक हुँदा राधा श्रेष्ठ, प्रेमचन्द्र पोखरेल र निला भट्टराई शिक्षक हुनुहुन्थ्यो ।

विसं २०२२ सालमा एसएलसी परीक्षा दिएपछि म सरस्वती स्कुलमा जान थालेँ । दुर्गा दिदीले भनेअनुसार पढाउन पनि थालेँ, स्वयंसेवकका रूपमा । मैले पढाउन थालेको केही महिनापश्चात् नै राधा श्रेष्ठले स्कुल छाड्नुभयो । उक्त रिक्त स्थानमा मेरो नियुक्ति भयो । मैले जागिर पनि खाएँ र आइए पनि उत्तीर्ण गरेँ । सुरूमा मेरो मासिक तलब चाहिँ २० थियो । तीन महिनापछि ४२ रूपैया पुग्यो । विसं २०२३ सालमा नै डा. दुर्गा पोखरेलले पनि स्कुल छाड्नुभयो । त्यसपछि यादव अधिकारी प्रधानाध्यापक हुनुभयो । निला भट्टराई पनि नर्सिङ पढ्न काठमाडौँ गएपछि उक्त स्थानमा विश्वनाथ पोखरेल नियुक्त हुनुभयो । विसं २०२५ सालमा यादव अधिकारी देखि स्कुल लाग्थ्यो । त्यसैले हामीले कलेजको अन्तिम कक्षा त कतिपटक छाडेका पनि छौँ । स्कुलमा सहयोगीको दरबन्दी थिएन । आफैँले स्कुल खोल्ने र बन्द गर्ने काम गर्नुपर्थ्यो । घन्टी लगाउने काम पनि शिक्षकको नै हुन्थ्यो । विद्यालय परिसर सफा गर्न विद्यार्थीहरु सदा तत्पर रहन्थे । त्यस स्कुलमा सँगै काम गरेका भक्तविनोद श्रेष्ठ, बेनु शाक्य, यादव अधिकारी, निला भट्टराई, विश्वनाथ पोखरेल, प्रेमचन्द्र पोखरेल र सुशीला पोखरेलको निधन भइसकेको छ । उहाँहरूप्रति हार्दिक श्रद्धान्जली !


सरस्वती स्कुलमा पढ्न कचिडे, आदमारा, खाल्डे, पाल्ते, देब्रेबास, सेउले जस्तागाउँबाट विद्यार्थीहरु आउँथे । बजारबाट भने यहाँ कमै मात्र विद्यार्थी आउने गर्थे । संक्षेपमाभन्नुपर्दा गाउँले स्कुल थियो, सरस्वती स्कुल । खेतीपातीको समयमा त विद्यार्थीहरूको उपस्थिति झनै न्यून हुन्थ्यो । कक्षा कोठाको अभावमा एउटै स्थानमा दुईवटा कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता पनि थियो । वर्षायाममा त निकै दुःख हुन्थ्यो । विद्यार्थीहरूबाट मासिक चन्दा लिने व्यवस्था थियो, शुल्क लिन पाइँदैनथ्यो । शिशु कक्षा तथा १ र २ कक्षाका विद्यार्थीले चन्दा दिनुपर्दैनथ्यो । तीनकक्षाका विद्यार्थीहरूबाट ५० पैसा, ४ कक्षाका विद्यार्थीबाट ७५ पैसा र ५ कक्षाका विद्यार्थीहरुबाट रू १।-चन्दा लिइन्थ्यो । सरकारबाट वार्षिक रूपमा एकमुष्ठ आर्थिक सहायता उपलब्ध हुन्थ्यो । त्यसैले सबै शिक्षकले वर्षको एकैपटक वर्षभरिको तलब पाउँथे । मैले स्कुल छाड्दा मेरो तलब रू ९०- पुगेको थियो । विद्यालयको बैँक खाता थिएन ।कोषाध्यक्षले विद्यालयलाई प्राप्त भएको आर्थिक सहायता बुझेर आवश्यक वितरण गर्नुपथ्र्यो । चन्दाबाट मसलन्द खर्च टर्ने गर्थ्यो । विद्यालय छुट्टी हुन्थ्यो । सरस्वती स्कुलमा पहिले बर्खे बिदा दिइन्थ्यो तर पछि गएर जाडोमा नै छुट्टी दिने चलन रह्यो । यस स्कुललाई स्थानीय सबैको सहयोग त छँदै थियो त्यसमा पनि भक्तबहादुर पोखरेल, कृष्णप्रसाद पोखरेल, उपेन्द्र पोखरेल, मोहनबहादुर पोखरेल, रामचन्द्र पोखरेल, शारदाप्रसाद मिश्र, अम्बिकाप्रसाद पोखरेल, शिव प्रसाद पोखरेल जस्ता व्यक्तित्वको योगदान उल्लेख्य थियो ।

हामी विद्यालयको भवन निर्माण गर्न सांस्कृतिक कार्यक्रम लिएर कचिडे, आत्मारा, देब्रेबासलगायतका गाउँमा पुगेका थियौँ । सबैले आ´नो गच्छेअनुसार सहयोग पनि गरेका थिए । तत्कालीन बडाहाकिम रत्नबहादुर गुरूङको निवासमा नाचगान देखाउँदा विद्यार्थीहरूले हाम्रो स्कुलको चुहिने छानो, पढ्दापढ्दै विद्यार्थी कहाँ जानु भनेर गीत गाएका थिए । त्यस गीतबाट प्रभावित भई बडाहाकिमले रू १००।- दिएका थिए । उक्त रकम त्यसबेलाका लागि ठूलै थियो । सांस्कृतिक कार्यक्रमबाट उठेको रकम तथा जनश्रमदान गरेर ढुंगामाटो तथा काठको दुईकोठे कच्ची भवन बन्न सक्यो । समयसमयमा धनकुटामा हुने संगीत र नृत्य प्रतियोगितामा सरस्वती स्कुल निरा र निर्मला श्रेष्ठ प्रथम हुन्थे । कथामा भने सेउलेका गुरागाई प्रथम भएको याद छ । बाटोघाटो हाटबजार जहाँ भेटे पनि विद्यार्थीहरु शिक्षकलाई आदरपूर्वक अभिवादन गर्दथे ।

मैले स्कुलमा पढाएका विद्यार्थीहरूमध्ये केहीसित अहिले पनि भेटघाट हुन्छ । प्रायः सबै आ´नो स्थानमा स्थापित पनि भएका छन् । प्राडा विनोद पोखरेल, डा हरि पोखरेल, प्राडा राजकुमार पोखरेल, इशुशंकरश्रेष्ठ, प्रा निरन्जन वस्ती, श्रीरञ्जन वस्ती, अजयप्रकाश पोखरेल, बिन्दा श्रेष्ठ, राधिका श्रेष्ठ तथा रामप्रसाद कोइर

## रोचक प्रसंग

### मेलको रुखमा फले न



डोटी । मेलका रूखमा नास्पाती फल्न थालेको कुरा सुन्दा पनि अचम्म लाग्ला तर जिल्लाको पूर्वीचौकी गाउँपालिका सानागाउँमा यस्तै वस्तुस्थिति देखिन्छ । सानागाउँमा केही वर्ष पहिले कलमी गरेको मेलका रूखमा लटरम्म नास्पाती फल्न थालेपछि स्थानीयवासीमा खुशीयाली छाएको छ ।

अहिले कलमी गरिएका रूखमा फलेका नास्पातीका दाना हेर्न लायकका बनेका छन् । दश वर्ष पहिले तत्कालीन जिल्ला कृषि विकास कार्यालयले मेलका बोटमा नास्पातीको हाँगा जोडी कलमी गरेको थियो ।

पूर्वीचौकी गाउँपालिका अध्यक्ष दीर्घराज बोगटीले भने, ‟केही काम नलाग्ने मेलका रूख काटेर किसानले फाल्ने गरेका थिए, कृषि कार्यालयको सहयोगमा कलमी गरी नास्पाती लगाएपछि अहिले फलेर लटरम्म भएको

### भूतको डरले कोठा बार्दलीको बास

आफ्नो घरमा भूत आएको भन्दै एउटा फ्रेन्च परिवार बार्दलीमा सानो टेन्ट लगाएर सुत्दै आएको छ । एक महिनादेखि उनीहरू यसरी नै सुतिरहेका छन् । गत सेप्टेम्बरमा आफ्ना दुई बच्चाहरूसहित पेट्रिसिया र डेभिड सी फ्रान्सको रेपलोङ्स स्थित अपार्टमेन्टमा सरेका थिए । पेट्रिसियाका अनुसार यस घरमा सर्नासाथ उनकी छोरी ले अनौठा

# गर्मीमा देखिन सक्ने छाला सम्बन्धि समस्याहरू

गर्मी महिनामा छाला सम्बन्धी विभिन्न समस्याहरू देखिन्छन्। ती समस्याहरूलाई एकै ठाउँमा राखेर हेर्नुभन्दा पनि विभाजित गरे बुझ्न सहज हुन्छ। ती समस्याहरूमध्ये, एक संक्रमित रोगहरू हुन्। दोस्रो, संक्रमणबाट नभई गर्मीमा बढ्ने रोग हुन्। पाक्ने तथा पिपहरू जम्ने रोग ब्याक्टेरियाका कारण हुन्छन्।

ठेउला, दादुरा जस्ता समस्या भाइरस संक्रमणका कारण हुन्छन्। अर्को सबैभन्दा धेरै देखिने रोग भनेको फंगस हो, जसलाई हामी ढुसी पनि भन्ने गर्छौं। यो समस्या गर्मी र बर्खामा हुन्छ। किनभने जाडोमा भन्दा गर्मीमा छालामा आद्रता बढी हुन्छ ।

शरीरमा गर्मी बढेपछि तापक्रमलाई निकाल्न पसिना आउँछ। पसिना धेरै आउँदा, छाला गुम्सिदा, पानीको सम्पर्कमा धेरै आउँदा छालामा ढुसी आउँछ। यी ढुसी भित्रि सतहको हुन्छ। बाहिरी सतहमा भने सेता सेता देखिने दुबी हुन्छ।

यी सबै संक्रमणबाट हुने रोगहरू हुन्। तर गर्मीमा घामको किरणबाट हुने विभिन्न छाला सम्बन्धी रोगहरू पनि छन्। घामको किरणबाट छालामा चाया पोतो आउँछ। अहिले कोरोना भाइरसको संक्रमणबाट बच्न हामी नियमित रूपमा मास्कको प्रयोग गर्छौं। मास्कको आद्रताले गर्दा गर्मीमा डण्डीफोर पनि बढ्न सक्ने तथा पाक्ने समस्या पनि हुन्छ ।

यो बाहेक लुतो पनि गर्मी महिनामा बढी देखिन्छ। त्यसैले अन्य समयमा भन्दा गर्मीमा शरीरको सरसफाईमा बढी ध्यान दिनुपर्छ। किनभने गर्मीमा पसिना धेरै आउँछ । गुम्सिन्छ। पसिना धेरै आउँदा शरीर गन्हाउने, केही विद्यार्थीहरूको हातमा धेरै पसिना आउँदा पढ्न लेख्न समेत समस्या हुने गरेको छ ।

गर्मीमा हामीले प्रयोग गर्ने क्रिमहरू जाडोमा भन्दा फरक हुन्छ। जाडोमा छाला सुख्खा हुन्छ भने गर्मीमा चिल्लो हुन्छ। त्यसैले गर्मीमा छालाको स्याहार गर्दा पानी प्रशस्त मात्रा खानुपर्छ। हामी घर तथा कार्यालयमा बस्दा गर्मीमा एयर कन्डिसन (एसि)को प्रयोग गर्छौं। हामीलाई महसुस नभएपनि एसिमा बस्दा छाला सुख्खा हुन्छ।

खानामा भिटामिन सी, भिटामिन ई, भिटामिन ए भएका खानेकुराहरू खानुपर्छ। अम्लीय फलफूल तथा खानेकुरा खानुपर्छ। अहिले आँपको सिजन छ। आँप पनि छालाको लागि फाइदाजनक मानिन्छ ।

राति सुत्नु अघि फेसवास गर्नुपर्छ । किनभने दिनभरको धूलो धूँवा हाम्रो अनुहारको छालामा जम्मा भएर बसेको हुन्छ। त्यसलाई निकाल्न र सफा गर्न फेसवासको प्रयोग गर्नुपर्छ । फेसवास गरिसकेपछि मोस्चरराइजरको प्रयोग गर्नुपर्छ ।

योसँगै घामको किरणबाट बच्न सनस्क्रिम लगाउनुपर्छ। गर्मी महिनामा सनस्क्रिमको छनोट गर्दा पनि विशेष ध्यान दिनुपर्छ। किनभने गर्मीमा च्यापच्याप हुने खालका क्रिमको छनोट गर्नु हुँदैन। त्यसैले जेल र लोसनको रूपमा भएका सनस्क्रिम गर्मीमा राम्रो मानिन्छ। चिल्लो छाला छ भने जेल र सुख्खा छ भने लोसन बेसको सनस्क्रिम लगाउनुपर्छ।


प्रा. डा. सविना भट्टराई

धेरै तातो पानीले नुहाउनु हुँदैन। नुहाइसकेपछि शरीरमा लोसन लगाउनुपर्छ। वर्षाको सिजनमा कस्मेटिक सामग्री प्रयोग गर्दा वाटर प्रूफ छनोट गर्नुपर्छ। छालामा कुनै संक्रमण या समस्या भए छाला रोग विशेषज्ञको सम्पर्कमा जानुपर्छ। (छालारोग विशेषज्ञ प्रा. डा. सबिना भट्टराईसँग कमला गुरूङले गरेको कुराकानीमा आधारित)

*साभार : स्वास्थ्यखबरबाट*

# बर्षायामको आहार : के खाने के नखाने ?

बर्षायाममा छालाको संक्रमण, अपच, पखला जस्ता समस्याले पनि सताउँछ । भनिन्छ, यतिबेला हाम्रो पाचन यन्त्र पनि कमजोर हुन्छ । त्यसैले कतिपयले माछा–मासु सेवन गर्दैनन्, यसबेला । आर्युवेदका अनुसार बर्षा ऋतुमा सूर्य उत्तरायण हुन्छ, जसको प्रभाव मानव शरीरमा पनि पर्छ । त्यसैको प्रभावले शरीर कमजोर हुन्छ, पेट सम्बन्धी समस्या हुन्छ ।



बर्षायाममा ग्याष्ट्रिकको संभावना पनि बढी हुन्छ । पित्त दोषको संचय हुन्छ, जसले शरीरमा कतिपय समस्या निम्त्याउन सक्छ बनाउँछ । यस समयमा भोक पनि कम लाग्छ । यहि कुरालाई ध्यानमा राखेर यस्तो आहार सेवन गरौ ।

–हल्का तथा सादा खानेकुरा सेवन गरौ । चामल, जौ, गहुँ

–खानासँग थोरै बीरे नुन र अदुवा आवश्य सेवन गरौ ।

–सकेसम्म उसिनेको सब्जी सेवन गरौ ।

– उमालेर सेलाएको पानीमा

कस्तो हुनुपर्छ दिनचर्या

आहारका साथै सहि दिनचर्या पनि एकदमै जरूरी छ । बर्षाको मौसम आएपछि आफ्नो दिनचर्यामा यस्तो परिवर्तन आवश्यक हुन्छ ।

–दिउँसो सुत्न हुँदैन । यसले पाचन यन्त्रलाई असर गर्छ र मोटाबोलिज्मलाई धीमा गर्छ ।

–आˆनो आसपासको क्षेत्रमा सधै सफा राखै । कहि पनि पानी जम्न नदिने ।

–जब शरीरको तापमान कमजोर हुन्छ, भाइरसले तिब्र आक्रमण गर्छ । शरीरलाई सधै न्यानो राखौ ।

# लास लजाउने पुर्खाङ



धनकुटा । पाख्रीवास नगर पालिका ९ उत्तरपानीस्थित बौद्ध दाहसंस्कार स्थलमा तामाङ समुदायको पहलमा बौद्ध परम्परा अनुसार लास जलाउने स्थान पुर्खाङ (घ्याङ्गर) निर्माण गरिएको छ । ०७६ सालदेखि निर्माण शुरू गरी २०७८ को अन्त्यमा सम्पन्न भएको छ । साढे १० लाख रूपैयाँ लगानीमा पुर्खाङ निर्माण गरिएको निर्माण समितिका अध्यक्ष धन बहादुर मोक्तानले बताए ।

पाख्रीवास र धनकुटा नगर पालिकाको संगमस्थलको रूपमा रहेको उत्तरपानीमा बसोवास गर्ने तामाङहरूको मृत्यु हुदाँ खुल्ला आकासमा लास जलाईरहेका थिए । वर्षायाममा समस्या हुने गरेकाले

# संक्रमितलाई पोषिलो



धनकुटा । कोभिड अस्पताल तथा आईशोलेसन सेन्टरमा उपचार रत कोरोना संक्रमित बालबालिका र महिलाहरूलाई नेपाली कांग्रेसका सचिव विजयसन्तोषी राईले पोषिलो खानेकुरा प्रदान गरेका छन् । उनले संक्रमित बालबालिका, महिलासहित अन्य २४ जना विरामी सँग भेटघाट गरी उनीहरूको स्वास्थ्य स्थिति वारेमा जानकारी लिएका छन् ।

# स्व. रनेश राईको अ

## नगर ......

भागमा निकालिएको पानी धनपा ६ लहरेचौतारामा रहेको खानेपानी उपभोक्ता समितिले संचालनमा ल्याएको रिजर्भ ट्यांकीमा जम्मा गरेर वितरण गरिने छ ।

नगरवासीले सफा खानेपानी खान पाउन् भन्ने नगरपालिकाको चाहना भएको बताउँदै प्रमुख तामाङले भने "खानेपानीको दीर्घकालीन समाधानको लागी २ वटा डिप बोरिङ चाडै संचालन गरिने छ ।" हाल संचालनमा ल्याइएको साना सहरी खानेपानी आयोजनाको निवुवा दोभानदेखि लिफ्ट सिस्टमबाट ल्याइएको पानी महँगो पनि पर्ने र पम्प पनि बिग्रिरहने समस्याले गर्दा संचालनमा ठूलो चुनौती छ । समितिका सचिव अर्जुन छाराहाङ ले "नगरको वडा नं. ५, ६ र ७ वडावासीहरूको लागी २ वटा र वडा नं. ८ को लागी २ वटा डिप बोरिङ छुट्टाछुट्टै संचालनमा ल्याउने तयारी भैरहेको बताए ।" उनले बजारमा ३ हजार ५ सय जति उपभोक्ताहरू रहेको बताए । उनले खानेपानीको लागी उपभोक्ताको दैनिक माग प्रति सेकेण्ड ३५ लिटर रहेकोमा २५ लिटरमात्र आपुर्ति भैरहेको बताए । उनले निवुवा दोभानबाट लिफ्ट सिस्टमबाट प्रति सेकेण्ड ८ लिटर र ग्राभिटीबाट १७ लिटर गरी २५ लिटर खानेपानी आपुर्ति भैरहेको स्पष्ट पारे । वर्षायाम लागेपछि प्रति सेकेण्ड आपुर्ति हुने २५ लिटर खानेपानी पूर्णरूपमा धमिलो आउने गरेकाले उपभोक्ताको गुनासो बढ्नु स्वभाविक भएको उनले बताए ।

उपभोक्ता समितिका उपाध्यक्ष नगेन्द्र पोखे्रलले वजार क्षेत्रमा दैनिक १० लाख लिटर खानेपानीको चुहावट हुने गरेको बताए । डिपवोरिङ गर्न चितवन स्थित् एस.एस. वाटर टुबेल कन्स्ट्रक्सन सर्भिस प्रा.लि.का प्रतिनिधि प्रशान्त कार्कीले १ सय मिटर गहिऱ्याईबाट खानेपानी शुद्ध निकाल्न सफल भएको बताए । सल्लेरीमा निकालिएको डिप बोरिङबाट प्रति सेकेण्ड ६ लिटर भन्दा बढी खानेपानी आउने कम्पनीका प्रतिनिधि कार्कीले बताए ।

## पाख्रीवासको ......

वीपी कोईराला स्वास्थ्य विज्ञान प्रसेश बुढाथोकी, वडा ८ का अध्यक्ष अविलास राई, वडा १० का अध्यक्ष रोहित राई, यूवा नेताहरू निर्देश लिम्बु, देवेन्द्र राईलगायतले तरूण डिफेन्स फोर्सको महत्वको वारेमा प्रकाश पारेका थिए ।

कार्यक्रमको सञ्चालन दल साँगुरीगढीका सचिव राजकुमार राईले गरेका थिए । गठित तरूण डिफेन्स फोर्सले साँगुरीगढीको १० वटै वडाहरूमा पालिका सरकार र वडा सरकारहरूले गरेको अनियमिता र जनविरोधी क्रियाकलापको भण्डाफोर गर्दै कांग्रेसको पक्षमा यूवा परिचालन गर्ने नवनिर्वाचित फोर्सका संयोजक दिपेन सुहाङ्ग लिम्बुले बताए ।

## चुनौतीको ......

पनि तिनको मतियार भएकै कारण 'लाल सलाम' भयो । राजनीतिमा 'नाक काट्ने' भक्तको पहिचान सबैभन्दा प्रमुख चातुर्य हो ।

यो सरकार बनाउने दल, तिनका नेता र कांग्रेसले बुझ्नुपर्ने षड्यन्त्रको अखडा कहाँ छ भन्ने हो । एमाले अध्यक्ष ओली सहिष्णु राजनीति गर्न तयार छैनन् भन्ने उनले देखाइसके । उनी अराजक जत्था सडकमा उतारेर शक्ति प्रदर्शन र फेरि पनि आफूबाहेक कोही छैन भन्ने दम्भ स्थापित गर्न आतुर छन् । षड्यन्त्रको अर्को अखडा शीतल निवास भएको छ ।

जनताको कर खाएर, पसिना पिएर कुनै एक व्यक्तिको अहं र स्वार्थमा शीतल निवास प्रयोग भएको दर्जनौ घटनाको आलोचना नागरिक समाजले गरिरहेको छ । जनताको कर खानेहरूको गलत कृत्यको आलोचना जनताले गर्न सक्छन्, पाउँछन् । सम्मान, सुविधा र खाना, दाना दिनेले टिप्पणी गर्नु र समान व्यवहारको अपेक्षा गर्नु अन्यथा हो र ?

यस्तो टिप्पणी कुनै आग्रह र आरोप होइन, घटनावलीको प्रमाण हो । तत्कालीन प्रधानमन्त्री ओलीको हरेक वैध, अवैध निर्णयलाई सहीछाप दिन रातबिरात पनि तयार राष्ट्रपति भण्डारी नवनियुक्त प्रधानमन्त्री देउवालाई बधाई र शुभकामना दिने औपचारिकतासम्म निर्वाह गर्न तयार देखिइनन् । गरिमामय पदमा आसीनको यस्तो असभ्य, असहिष्णु र अमर्यादित व्यवहारको अर्को उदाहरण विश्वमा देशलाई नयाँ भरोसा, जनतालाई साथ र लोकतन्त्रलाई सही गन्तव्य दिने चुनौती सरकार सामु छ । बिगारिएको कूटनीतिक सम्बन्धलाई सुधारको दिशामा लानुपर्नेछ ।

सयौं चुनौतीको समाधान गर्दै सरकारको नेतृत्व र सहभागी दलहरूको दायित्व कोरोना महामारीबाट नागरिकलाई बचाउनु अहिलेको पहिलो काम हुनुपर्छ । निःशुल्क 'भ्याक्सिनेसन' सुलभ उपचार र आवश्यक सेवा सुविधा गाउँगाउँसम्म पुऱ्याउनु पर्नेछ ।

कमजोर आर्थिक अवस्थाका तमाम श्रमजीवीलाई पर्याप्त सहायता दिनु र क्षतविक्षत अर्थ व्यवस्थालाई सुधार गर्नु थप चुनौती हो । बाढी पहिरोपीडित नागरिकले राज्यको सहयोग अपेक्षा गर्नु स्वाभाविक हो । महँगी नियन्त्रण र राज्ययन्त्रमा गरिएको अति राजनीतिक वा दलीय र व्यक्तिकरणको सफाइ पनि सरकारको चुनौती हो । सबै पेसा, व्यवसायीको अपेक्षा, माग सुनिन्छ । चारैतिर अपेक्षामात्रै छ । यस्ता सबै अपेक्षाको सम्बोधन यो चुनावी सरकारले कति गर्न सक्ला ? तर, सकारात्मक पहल र परिणाम देखाएर सरकारले विश्वसनीय र निष्पक्ष चुनावी वातावरण बनाउन सम्भव छ । यसमा जनताले साथ दिनेछन् ।

कांग्रेस चुनाव गराउने सरकारको नेतृत्वमा भएर पनि हार्न तयार तर जनमतलाई सम्मान गर्ने दल हो । किनभने उसको प्रतिबद्धता लोकतन्त्र र भयरहित निर्वाचनप्रति रहेको स्पष्ट भइसकेको छ । इतिहासको उदाहरण प्रधानमन्त्री देउवा वा कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाको छ ।

उनीहरूको नेतृत्वमा चुनाव भए, कतिपयमा पराजय भोगे, जनमतलाई कांग्रेसले सहजै स्वीकार गऱ्यो । यही विशेषताले अहिलेको सरकार निर्माणमा कांग्रेसप्रति सहयोगी दल विश्वस्त वा सकारात्मक भए भन्ने लाग्छ । सबै मिलून्, देशलाई गन्तव्य दिऊन् । सद्कार्यमा जनताको साथ सहयोग रहने नै छ । *-बाऱ्हखरीबाट*

## संस्मरण ......

सरस्वती स्कुलमा मैले पढाएको देखेर प्रसन्न भई तत्कालीन नेपाली सेनाका श्रीजंग गुल्मका प्रमुखले आफ्ना जवान तिर्खा लागेको बेला एक किलोमिटर जति हिँडेर छाउनी धारा पुग्नुपर्थ्यो । यो समस्या बुझेर भारतीय पेन्सन पेइङ अफिसका मेजरले स्कुलको छेउसम्म पानीको प्रबन्ध गरिदिएका थिए । सो अफिस हालको आँखा अस्पताल रहेको क्षेत्रमा थियो । सो अफिस धरान सरेपछि उक्त स्थानमा जिल्ला पञ्चायतको कार्यालय आयो । जिल्ला पञ्चायतले उक्त भवन र जग्गा धनकुटा कलेजलाई उपलब्ध गरायो भने कालान्तरमा सोही जग्गा धनकुटा क्याम्पसले नेत्रज्योति संघलाई हस्तान्तरण गऱ्यो ।

विसं २०२७ सालमा बिए पास गरेपछि म सरस्वती स्कुलबाट अलग भएर झापातिर लागेँ । मैले सरस्वती स्कुलमा पढाएका विद्यार्थीहरु पछि सबै मित्रवत् भए । अहिले पनि उनीहरूसित उठबस गर्न पाउँदा मलाई ज्यादै आनन्द लाग्छ । कतिपय विद्यार्थीहरु मेरै उमेरका थिए भने धेरैजसो मभन्दा एकदुई वर्ष मात्र कान्छा थिए । यस कारणले पनि उनीहरु सबै मित्र नै थिए । ती विद्यार्थीहरूसित मिलेर अम्बाबारी टारमा फुटबल खेलेको पनि सम्झना ताजै छ । मलाई सरस्वती स्कुलमा प्रवेश गराउन सार्थक प्रयास गर्ने दुर्गा दिदीप्रति म कृतज्ञ छु । आफैं पढेको स्कुलको पाचौं प्रधानाध्यापक भएकोमा मलाई गौरव पनि लाग्छ तर यो स्कुल अन्य स्कुलमा विलय हुँदा इतिहास नै लोप भएको पीडाले सताएको छ ।

हामी सरस्वती स्कुलमा पढेका र पढाएका सबैले यस विद्यालयको इतिहास कसरी जीवन्त राख्न सकिन्छ भन्ने विषयमा गम्भीर भएर चिन्तन गर्नु आवश्यक छ ।

## मेलको ......

आग्रह गर्दै आएको निर्देशनालयले जनाएको छ । सानागाउँमा फलेका नास्पाती बिक्रीवितरणका लागि केही दिनमै साझघाट, दिपायल, राजपुर, सिलगढी तथा पिपल्ला बजारमा लैजाने तयारी भइरहेको पूर्वीचौकी गाउँपालिकाका कृषि सेवा केन्द्र प्रमुख उदयराम साउदले बताए ।

हामीले जिल्लाका सानागाउँ र बुडरमा मेलका रूखलाई कलमी गरी नास्पाती बनाएका थियौं, सानागाउँमा नास्पाती फल्न शुरू भएको छ, बुडरमा पनि फल्ने तयारीमा छ, अब जिल्लाका अन्य क्षेत्रमा पनि यो प्रविधिको विकास पढ्ने स्थान (छ्योसुम), मृतात्माको कामना गर्दै १०८ दिप प्रज्ज्वलन गर्ने स्थान, सरसमान, भाडावर्तन राख्ने स्टोर, चिया नास्ता बनाउने स्थान, कुरूवा बस्ने स्थान, सौंचालय र विश्रामलय छन् । त्यसैगरी धुप बाल्ने स्थान र २२ वटा बौद्ध झण्डा (लुङदर) गाड्ने स्थानको पनि निर्माण गरिएको छ । यहाँ विभिन्न संरचना निर्माणको लागी १ सय ५४ घर तामाङ समुदायले प्रति घर ३ हजारदेखि ५५ हजार यस्तै १ लाख ५० हजार भन्दा बढीको जनश्रमदान गरेको घिसिङले जानकारी दिए ।

उक्त स्थानमा २०३२ सालमा घले ह्युल्बा तामाङ समुदायले निर्माण गरेको घले माम्को नाममा रहेको छ्योर्तेन २०७२ सालको भूकम्पले जीर्ण भएकाले परिवारको तर्फबाट पुनःनिर्माण गरिएको छ । सो घले ह्युल्बा ब्लोन तामाङ परिवारले पुनर्निर्माण गरेका हुन् ।

## निर्माण ......

कार्यालयको तर्फबाट एक लाख ६९ हजार २ सय ५५ रूपैया सहयोग गरेका थिए । यस्तै स्थानीय २ सय जना दाताहरूबाट ७ हजार देखि २५ हजारसम्म सहयोग प्राप्त भएको समितिका प्रचारप्रसार समितिका संयोजक तथा पत्रकार महासंघका अध्यक्ष नगेन्द्र राईले जानकारी दिए ।

सो निर्माणका लागि सेनको झुम्का र इटहरी गण्बाट पनि आर्थिक सहयोग प्राप्त भएको समितिका सचिव जनार्दन गोठालेले जानकारी दिए । तामाको छानालाई धार्मिक रूपमा शुभ मानिने गोठालेले जानकारी दिए ।

## संघका ......

महासचिव रामबहादुर गोङ्वाले सेवा कार्यालय तथा हेल्पडेक्सको महत्वको वारेमा प्रकाश पारेका थिए ।

सो अवसरमा कोषाध्यक्ष रूपेश श्रेष्ठ र कार्यालय सचिव सचिन प्रधानले उद्यमी, व्यवसायी, व्यापारी लगायत करदाताहरूका लागि सेवा कार्यालय स्थापना गरी हेल्प डेक्सलाई व्यवस्थित बनाई सञ्चालन गरिएको बताए । कार्यक्रममा उद्योगी, व्यवसायी तथा करदाताहरूको उपस्थिति थियो ।

कार्यालय सचिव प्रधानको नेतृत्वमा संघको सेवा कार्यालय

अन्तिम पेज

जि.हु.का.द.नं-०१/०५९/०६०
July. 26, 2021

## साताको क्लिक



**आकर्षक बन्दै निशान देवी मन्दिर** : नेपाली सेनाको पहल र स्थानीयवासीको सहकार्यमा निशान देवी मन्दिरमा तामाको छाना र तेलिया इट्टा लगाईएपछि मन्दिर थप सुन्दर र आकर्षक बनेको छ ।

# निशान मन्दिरमा तामाको

**धनकुटा समाचारदाता**

धनकुटा । आस्थाकी देवी निशान भगवती मन्दिरमा तामाको छाना तथा तेलिया इट्टा लगाईएको छ । चौथों चरणको मन्दिर पुनर्निर्माण अन्तर्गत यो निर्माण कार्य सम्पन्न भएसँगै एक कार्यक्रमका वीच नेपाली सेनाका प्रधान सेनापति पूर्णचन्द्र थापाले मन्दिरको उद्‌घाटन गरेका छन् ।

सो अवसरमा प्रधान सेनापति थापाले मन्दिर पुनर्निर्माण सेना र स्थानीयको सहकार्य, सहयोग, समन्वय र साझेदारीको उदाहरण भएको बताए । उनले नेपाली सेना जनभावनाअनुसार चल्ने संस्था भएको बताउँदै जनतासँगको सहकार्य र समन्वयमा सेना अगाडि



बढ्ने बताए ।

मन्दिरमा तामाको छाना र तेलिया इट्टा लगाएसँगै मन्दिर थप आकर्षक बनेको छ । यसका लायिग कुल ६४ लाख अर्च भएको मन्दिर संरक्षण समितिको आर्थिक संयोजक

# संघद्वारा हेल्प डेस्क शुरु




धनकुटा । करदाताहरूलाई सेवा प्रवाहमा सहजिकरण गर्ने उद्देश्यले धनकुटा उद्योग वाणिज्य संघले सेवा कार्यालयमा हेल्पडेस्क शुरू गरिएको छ । सो डेस्कको शुभारम्भ गर्दै संघका अध्यक्ष विजयसन्तोषी राईले नयाँ ढंगबाट सेवा प्रारम्भ गरिएको बताए ।

करदाता सेवा कार्यालयको नजिकै करदाताहरूलाई कर शिक्षा प्रदान गरी कर सम्वन्धि सम्पूर्ण काममा सहजीकरण गर्न करदाता सेवा कार्यालयसँग समन्वय गरी कार्यालयकै सहयोगमा हेल्प डेक्सलाई व्यवस्थित बनाईने संघका अध्यक्ष राईले बताए ।

सो अवसरमा संघका

..................बाँकी ५ पेजमा

# पुष्पलाल स्मृति दिवस मनाईयो



धनकुटा । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको स्मृति दिवसको अवसरमा पाख्रीवासमा वृक्षरोपण तथा नगर स्तरीय कार्यकर्ता भेला सम्पन्न गरिएको छ । नेकपा एमाले (माधव नेपाल समूह) पाख्रीवास नगर कमिटीको आयोजनामा भएको कार्यक्रममा पाख्रीवासको पर्यटकीय स्थल संसारीमाई सिमसार क्षेत्रमा धुपीका विरूवाहरू रोपिएको हो ।

त्यस्तै पार्टीका नगर अध्यक्ष सोवित निरौलाको अध्यक्षता तथा प्रदेश कमिटी सदस्य एवम् जिल्ला ईन्चार्ज धर्मराज पौडेलको प्रमुख

..................बाँकी ५ पेजमा

# वीपी स्मृति दिवस म




धनकुटा । नेपालका प्रथम जननिर्वाचित नेता विशेश्वरप्रसाद कोईरालाको विचारलाई कांग्रेसले बिर्सिदै गएको एक कार्यक्रमका सहभागीहरूले गुनासो गरेका छन् ।

वीपी स्मृति दिवसको अवसर मा नेपाली कांग्रेस धनकुटाले आयोजना गरेको वीपी विचार विषयक कार्यक्रममा उनीहरूले त्यस्तो गुनासो गरेका हुन् । वीपी को विचार अहिले पनि उत्तिकै

## छथर गाउँपालिकाको अनुरोध

**विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ संक्रमण पछिल्ला दिनहरुमा यस गाउँपालिका क्षेत्रमा तीव्र रुपमा वृद्धि भएकाले यस रोगबाट जोगिन सार्वजनिक स्थल वा कार्यालयमा जाँदा सजग भई अनिवार्य मास्कको प्रयोग गरौं । भौतिक दुरी कायम राखौं । सावुन पानीले मिचि-मिचि हात धुऔं**

## महालक्ष्मी नगरपालिकाको अनु

**विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्**
**कोभिड-१९ संक्रमण पछिल्ला दिनहरुमा यस नगरपालि**
**तीव्र रुपमा वृद्धि भएकाले यस रोगबाट जोगिन सार्वजनि**
**कार्यालयमा जाँदा सजग भई अनिवार्य मास्कको प्रयो**
**भौतिक दुरी कायम राखौं । सावुन पानीले मिचि-मिचि**